# देवताल गाउँपालिका

# स्थानीय राजपत्र

भागः १ | खण्डः ७ | संख्याः २ | मितिः २०८०/०३/११

## विनियोजन विधेयक, २०८०

# देवताल गाउँपालिकाको विनियोजन विधेयक–२०८०

प्रमाणिकरण मितिः २०८०/०३/११

देवताल गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

प्रस्तावनाः देवताल गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम देवताल गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "देवताल गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिकवर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३१,०७,४३,३००।- (अक्षेरुपी एकतिस करोड सात लाख त्रिचालिस हजार तिन सय रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त देवताल गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने

गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि–१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| क.स | अनुदान शिर्षकको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | सशर्त अनुदान | ११,३३,००,०००।- | |
| २ | वितिय समानिकरण | ९,३३,००,०००।- | |
| ३ | राजश्व बाडफाड | ७,००,१४,३०००।- | |
| ४ | विशेष अनुदान | १,२०,००,०००।- | |
| ५ | सम्पुरक अनुदान | ८०,००,०००।- | |
| ६ | आन्तरिक आय | २५,५०,०००।- | |
| ७ | समानिकरण अनुदान प्रदेश सरकार | ६५,७९,०००।- | |
| ८ | विषेश अनुदान चालु प्रदेश सरकार | ३०००००० ।- | |
| ९ | समपुरक अनुदान पुजिंगत | २०००००० ।- | |
| | जम्मा | ३१,०७,४३,३००।- | |

आज्ञाले,
नविन कुमार श्रीवास्तव
प्रमुख प्रशासकिय अधिकृत